# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०३, संख्या ०३, मकवानपुर, पुष ०७ गते, २०७६ साल

## भाग २

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## राक्सिराङ्ग गाउँपालिकाको ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

संवत् २०७६ सालको कार्यविधि नं. ४१

# राक्सिराङ्ग गाउँपालिकाको ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावना :**

राक्सिराङ्ग गाउँपालिकाको स्वामित्वमा रहेको ब्याक्हो लोडर संचालन तथा व्यवस्थापन प्रकृयालाई नियमित तथा व्यवस्थित गर्न बान्छनीय भएकोले राक्सिराङ्ग गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"राक्सिराङ्ग गाउँपालिकाको ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि राक्सिराङ्ग गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ सम्झनु पर्दछ ।

(ख) "गाउँसभा" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(ग) ब्याक हो लोडर" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको स्वामित्वमा रहेको ब्याक हो लोडर सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले ब्याक हो लोडर संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(ङ) "सचिव" भन्नाले प्रकरण ४ बमोजिमको समितिको सदस्य सचिव सम्झनु पर्दछ ।

(च) "उपभोक्ता समिति" भन्नाले राक्सिराङ्ग गाउँपालिका वा अन्तर्गतका वडाले गठन गरी योजना कार्यान्वयन गर्न तथा उपभोग गर्न गठित स्थानीय उपभोक्ता समिति सम्झनु पर्दछ ।

(छ) "अन्य संस्था" भन्नाले  नेपाल सरकारको कार्यालय , निजी क्षेत्र, नगरपालिका,  गाउंपलिका, गैर सरकारी संस्था, शिक्षण संस्था वा यस्तै अन्य संस्था सम्झनु पर्दछ ।

(ज) "कार्य दिन" भन्नाले आठ घण्टाको समय सम्झनु पर्दछ ।

३. **कार्यविधिको उदेश्य** : (१) यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :

(क) व्याक हो लोडर संचालनबाट राक्सिराङ्ग गाउँपालिकाको पूर्वाधार निर्माण कार्यमा मद्दत पुऱ्याउने ।

(ख) व्यक हो लोडर संचालन तथा व्यवस्थापनमा पारदर्शिता ल्याउने ।

(ग) व्याक हो लोडरको अधिकतम उपयोग गरी त्यसको उत्पादकत्वलाई बृद्धि गर्ने ।

(घ) व्याक हो लोडर मर्मत सम्भारमा मितव्ययिता कायम गर्ने ।

(ङ) व्याक हो लोडर संचालन तथा व्यवस्थापनमा पारदर्शिता कायम गर्दै आर्थिक रुपले आत्मनिर्भरता कायम गर्ने ।

४. **व्याक हो लोडर संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था** : (१) यस कार्यविधिको उद्देश्य प्राप्तिको लागि

देहाय बमोजिम व्याकहो लोडर संचालन तथा व्यवस्थापन समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष : संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

(ग) पूर्वधार विकास समिति संयोजक : सदस्य

(घ) प्राविधिक शाखा प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी : सदस्य

(ङ) राजस्व शाखा प्रमुख : सदस्य सचिव

(२) समतिको बैठक संयोजकको आदेशानुसार सदस्य सचिवले बोलाउने छ र कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार अन्य व्यक्ति वा कर्मचारीलाई आमन्त्रित गर्न सक्नेछ ।

(४) गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखाले समितिको सचिवालयको काम गर्नेछ ।

५ **व्याक हो लोडर संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार :** यस कार्यविधिको अधीनमा रही ब्याक हो लोडर संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) ब्याक हो लोडर संचालन तथा व्यवस्थापनको लागी वार्षिक बजेट (आय, व्यय) तर्जुमा गरि स्वीकृतिको लागि राक्सिराङ्ग गाउँ कार्यपालिकामा सिफारिश गर्ने ।

(ख) व्याक हो लोडर संचालन तथा व्यवस्थापनको लागि श्रोत तथा साधनको पहिचान तथा परिचालनगर्ने ।

(ग) ब्याक हो लोडर उपयोगको लागि माग भएका निवेदनहरु उपर कारवाही गरी यस कार्यविधिको अधीनमा रही प्राथमिकता निर्धारण गर्ने ।

(घ) प्राप्त निवेदनहरुमध्ये आवश्यकता र प्राथमिकताको आधारमा ब्याक हो लोडरको उपयोगको कार्ययोजना बनाई स्वीकृत गर्ने ।

(ङ) ब्याक हो लोडरका आवश्यक उपकरणहरु (पार्टसहरु) मौज्दातमा राख्ने व्यवस्था मिलाउने ।

(च) ब्याक हो लोडर चालु अवस्थामा राख्न आवश्यकता अनुसार नियमित मर्मत संभार तथा जाँचको व्यवस्था मिलाउने ।

(छ) आर्थिक दृष्टिकोणले ब्याक हो लोडर संचालन तथा व्यवस्थापनमा आत्मानिर्भरता ल्याउने ।

(ज) ब्याक हो लोडर सञ्चालन वा उपयोग सम्बन्धी कामको अनुगमन तथा सुपरिबेक्षण गर्ने, गराउने र दुरुपयोग भएको देखिएमा त्यसलाई रोक्ने व्यवस्था मिलाउने ।

(झ) ब्याक हो लोडर संचालनमा संलग्न कर्मचारीको कार्य सन्तोषजनक नदेखिएमा कारवाहीको लागि सिफारिस गर्ने ।

(ञ) ब्याक हो लोडर संचालन तथा व्यवस्थापन सम्बन्धी आइपर्ने अन्य नीति तथा कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने ।

(ट) यस कार्यविधिमा तोकिएका अन्य कामकुरा गर्ने, गराउने ।

६. **ब्याकहो लोडर संचालन सम्बन्धी नीति तथा प्राथमिकता :**

(१) ब्याक हो लोडर संचालन सम्बन्धी नीति देहाय बमोजिम हुनेछ :

(क) ब्याक हो लोडर उपयोग सामान्यतया राक्सिराङ्ग गाउँपालिका भित्र सम्पादन गरिने सडकहरुको निर्माण, मर्मत तथा संभार आदि कार्यहरुको लागि गरिनेछ तर, अन्य गाउँपालिका वा वडा कार्यालयहरुले माग गरेको खण्डमा दोश्रो प्राथमिकतामा उपलब्ध गराउन सकिनेछ ।

(ख) ब्याक हो लोडर सामान्यतया वडाको सिफारिसमा उपभोक्ता समिति, संस्था वा व्यक्तिलाई भाडामा उपलब्ध गराइनेछ । यदि कुनै अर्कै स्थानीय तहमा काम गर्न माग भई आएमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालय वा वडा कार्यालयको सिफारीसमा भाडामा उपलब्ध गराउन सकिनेछ ।

(२) ब्याक हो लोडर संचालन गर्दा देहायको योजनालाई प्राथमिकता दिइनेछ :

(क) राक्सिराङ्ग गाउँपालिकाको श्रोत र साधनबाट संचालन गरिने योजना ।

(ख) अन्य संस्थाको श्रोत तथा साधनबाट संचालन गरिने योजना ।

७. **ब्याकहो लोडर माग तथा संचालन गर्ने कार्यविधि :** (१) ब्याक हो लोडर माग गर्ने उपभोक्ता समिति, निकाय वा

संस्था वा व्यक्तिले देहायको विवरण संलग्न गरी अनुसुचि १ को ढाँचामा निबेदन दिनु पर्नेछ :

(क) सम्बन्धित उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपि ।

(ख) योजनाको सम्झौता पत्र तथा लागत अनुमानको प्रतिलिपि ।

(ग) काम हुने सम्बन्धित वडा कार्यालयको सिफारीस ।

(२) ब्याक हो लोडर माग सम्बन्धी निबेदन समितिबाट स्वीकृत भएपछि सो को जानकारी उपभोक्ता वा सम्बन्धित सरकारी निकाय वा संस्थालाई दिइनेछ । यसरी जानकारी प्राप्त गरेपछि उपभोक्ता समिति, निकाय वा संस्था वा व्यक्तिले सम्झौता गर्न आउनु पर्नेछ ।

| क्र. स. | क्षेत्र | समय | भाडा रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिका भित्र | प्रति घण्टा | ८००।- | ईन्धन बाहेक |
| २ | गाउँपालिका वाहिर | प्रति घण्टा | १०००।- | ईन्धन बाहेक |

(३) गाउँपालिकाबाट रकम व्यहोरिने गरी सम्पादन हुने योजनाका लागि गठित उपभोक्ता समितिले ब्याक हो लोडर भाडामा लिँदा धरौटी राख्नु पर्ने छैन तर अन्य उपभोक्ता समिति, व्यक्ति वा संस्थाले भाडामा लैजान चाहेमा सम्झौता बराबरको रकम यस कार्यालयको धरौटी खातामा जम्मा गनुपर्ने वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

तर, वजेट व्यवस्थापन नभएको सडक मर्मत सम्भार गर्न परेमा वा प्राकृतिक विपद व्यवस्थापन गर्न परेमा इन्धन सहितको आवश्यक व्यवस्था गाउँपालिकाले गर्नेछ ।

(४) ब्याक हो लोडर भाडामा लिंदा नगदको सट्टा सम्झौता अवधिको दोव्वर अवधि सम्मको (जस्तै सम्झौता अवधि १५ दिन भए १ महिना बराबरको) राक्सिराङ्ग गाउँपालिकाको नाममा बैंक जमानत समेत पेश गर्न सकिनेछ । बैंक जमानत पेश गर्दा भाडामा लिने अवधिको तोकिए बमोजिमको भाडा तथा तोकिए बमोजिमको धरौटी बापतको रकम बराबरको बैंक जमानत मात्र मान्य हुनेछ ।

(५) कोष खातामा वा नगदै रकम जम्मा गरेपछि उपभोक्ता समितिका अध्यक्ष वा सम्बन्धित निकाय वा संस्थाका प्रमुखले अनुसुचि २ बमोजिम सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्नेछ । सम्झौता गरे पश्चात मात्र व्याक हो लोडर लैजानु पर्नेछ ।

(६) व्याक हो लोडर संचालन अवधिमा लाग्ने ईन्धन खर्च (व्याक हो लोडर योजना स्थलमा ल्याउने लैजाले समेत) सम्बन्धित उपभोक्ता समिति वा संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(७) व्याक हो लोडर रहेको स्थानबाट योजना स्थलसम्म व्याक हो लोडर ढुवानी गरि लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च सम्बन्धित उपभोक्ता समिति वा संस्थाले व्यहोर्नु पर्नेछ ।

(८) उपभोक्ता समिति वा अन्य संस्था वा निकायले व्याक हो लोडर भाडामा लगेको अवस्थामा समितिको

आपसी विवाद, स्थानीयको अवरोध जस्ता कारणले व्याक हो लोडर संचालन हुन नसकी त्यत्तिकै बसेमा पनि निम्न दरले भाडा लाग्नेछ।

तपसिल:

| क्र.स. | क्षेत्र | समय | रकम रु. |
|---|---|---|---|
| १. | गाउँपालिका क्षेत्र भित्र | प्रति घण्टा | ४००।- |
| २. | गाउँपालिका क्षेत्र वाहिर | प्रति घण्टा | ५००। |

तर, विवाद व्यवस्थापन गर्न २४ घण्टाको समयावधि उपलब्ध गराइनेछ।

(९) व्याक हो लोडर संचालन भएको प्रत्येक ५०० घण्टामा कार्यालय स्वयंले ब्याक हो लोडर सर्भिसिङ्ग गर्नेछ। म्याद थप नगरिकन सम्झौता भन्दा बडी अवधिसम्म अपरेटरले व्याकहो लोडर चलाएमा सोको जिम्मेवारी अपरेटरको हुनेछ। अटेर गरि सम्झौता विपरीत चलाएको अवधिको हकमा अपरेटरबाट असुल उपर गरी कारवाही समेत गर्न सकिनेछ।

(१०) ब्याक हो लोडर संचालन गरे वापत ब्याकहो लोडर अपरेटरलाई निम्नानुसार प्रति घण्टाको हिसाबले गाउँपालिकाको कार्यालयले भत्ता उपलब्ध गराउनु पर्नेछ।

| पद | अन्य प्रयोजन (उ. स., संस्था, व्यक्ति), प्रति घण्टा रु. | कैफियत |
|---|---|---|
| अपरेटर | १०० | |

८. **व्याक हो लोडर लगबुक राख्नु पर्ने** : व्याक हो लोडर सञ्चालन गर्दा अनुसूचि ३ को ढाँचामा लगबुक राख्नु व्याक हो लोडर अपरेटरको कर्तव्य हुनेछ । उक्त लगबुक सम्बन्धित उपभोक्ता समितिका पदाधिकारी वा निकाय वा संस्थाका प्रमुख समेतले प्रमाणित गर्नुपर्नेछ ।

९. **म्याद थप गर्न सक्ने** : (१) व्याक हो लोडर भाडामा लिएका उपभोक्ता समितिले आफुले मागेको कार्य दिन भन्दा थप कार्य दिनको लागि आवश्यक भएमा सोको कारण तथा औचित्य सहित म्याद सकिनु भन्दा कम्तीमा तीन दिन अगाबै म्याद थपको निबेदन दिनुपर्नेछ ।

(२) म्याद थपको लागि प्राप्त निबेदनमा समितिले छलफल गरि माग उचित तथा मनासिव देखेमा आवश्यकतानुसार म्याद थप गर्न सक्नेछ ।

१०. **व्याक हो लोडर मर्मत सम्बन्धी व्यवस्था** : व्याक हो लोडर विग्रिएर मर्मत गर्नुपर्ने भएमा कुन कुन कुराको मर्मत सम्भार भर्नुपर्ने हो वा फेरबदल गर्नु पर्ने हो सो को विवरण सम्बन्धित अपरेटरले समिति समक्ष निबेदन दिनुपर्नेछ । अपरेटर बाट निबेदन प्राप्त भएपछि सदस्य सचिवले सम्बन्धित अनुभवी विशेषज्ञ प्राविधिकबाट मर्मत संभारको लागत अनुमान तयार गर्न लगाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ र प्रमुख प्रशासकीय अधिकृतले मर्मत तथा सम्भारको व्यवस्था मिलाउनु पर्नेछ ।

११. **अन्य संस्था वा व्यक्तिलाई व्याकहो लोडर भाडामा दिने सम्बन्धी व्यवस्था** : (१) अन्य संस्थाले आफ्नो कामको शिलशिलामा व्याक हो लोडर भाडामा लिन चाहेमा

अनुसूची १ बमोजिमको ढांचामा देहायको विवरण संलग्न गरि निबेदन पेश गर्नु पर्नेछ ।

(क) प्रचलित कानुन बमोजिम दर्तावाला संस्था, कम्पनी वा फर्म भए सो को प्रमाण पत्र ।

(ख) ब्याक हो लोडर प्रयोग हुने योजना वा कार्यको स्पष्ट विवरण ।

(ग) सरकारी योजना भए आयोजना वा ठेक्का स्वीकृत भएको पत्र तथा स्टीमेट र कार्यादेश ।

(घ) व्यक्तिगत प्रयोजनको लागि भए नगरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित उद्येश्य खुलेको निवेदन ।

(२) व्याक हो लोडर एवं अन्य हेवी मेशीनरी माग तथा संचालनसँग सम्बन्धी अन्य कुरा यस कार्यविधिको दफा ७, ८ र ९ बमोजिम हुनेछ ।

(३) व्याक हो लोडर रहेको स्थानबाट प्रस्थान गरेको मितिबाटै भाडा गणना हुनेछ ।

**१२. <u>व्याक हो लोडर संचालनको सुपरिवेक्षण तथा अनुगमन</u> :** (१) व्याक हो लोडर प्रयोग भइरहेको कार्यको सुपरिवेक्षण तथा अनुगमन समितिको संयोजक वा निजले तोकेको सदस्य वा सदस्य सचिवले गर्नेछ ।

(२) व्याक्होलोडर सञ्चालनमा संलग्न कर्मचारीको रेखदेख र नियन्त्रण समितिले गर्नेछ ।

**१३. <u>रकम खर्च गर्न सकिने</u> :** व्याक हो लोडर संचालनबाट प्राप्त आम्दानी रकम यस कार्यविधि बमोजिम व्याक हो लोडर संचालन, व्यवस्थापन, मर्मत सम्भार र व्याक हो लोडर

संचालन अपरेटर तथा हेल्परको तलब भत्ताका साथै विकास निर्माणका लागि खर्च गर्न सकिनेछ ।

१४. **सम्पर्क शाखा** : योजना शाखाले व्याक हो लोडर संचालन तथा व्यवस्थापन सम्पर्क शाखाको रुपमा कार्य गर्नेछ ।

१५. **अधिकार प्रत्यायोजन** : यस कार्यविधि बमोजिम समितिलाई भएको केहि अधिकार समितिले शर्त तोकी वा नतोकी समितिका सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. **कार्यविधि संशोधन** : समितिको सिफारिसमा यस कार्यविधिलाई राक्सिराङ्ग गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१७. **वीमा सम्बन्धी व्यवस्था** : व्याक हो लोडरको वीमा, तेश्रो पक्ष वीमा र व्याक हो लोडरमा संलग्न अपरेटर र हेल्परको दुर्घटना विमा गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

१८. **खारेजी तथा बचाउः** (१) यो कार्यविधि जारी हुनु अघि व्यक हो लोडर संचालन तथा व्यवस्थापन सम्बन्धी भए गरेका काम कुराहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची-१

## (दफा ७ को उपदफा (१) संग सम्बन्धित )

## व्याक हो लोडर प्रयोग गर्ने सम्बन्धी निबेदनको ढाँचा

श्रीमान् सदस्य सचिव ज्यू,
व्याक हो लोडर संचालन तथा व्यवस्थापन समिति,
राक्सिराङ्ग गाउँपालिकाको कार्यालय, चैनपुर ।

**विषय : व्याक हो लोडर भाडामा उपलब्ध गराइदिने बारे** ।

महोदय,

उपरोक्त विषयमा यो निबेदन गर्दछु कि देहायको योजनन, कामको लागी त्यस कार्यालयको **व्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६** बमोजिम व्याकहो लोडर भाडामा उपलब्ध गराई दिनहुन अनुरोध छ ।

१ उपभोक्ता समिति, संस्था/व्यक्तिको नामः
२ उपयोग गर्ने आयोजनाको नामः
३. योजनाको कुल लागत
  ३.१ लागत व्यहोर्ने श्रोत तथा रकम
    ३.१.१
    ३.१.२
    ३.१.३
    ३.१.४
    जम्मा :
४ आयोजना, काम सम्पादन हुने स्थानः
  ४.१ गाउँपालिकाको नामः
  ४.२ वडा नं.:

४.३ स्थानः

**निबेदक**

दस्तखतः

नाम, थरः

पदः

छाप :

मितिः

**संलग्न कागजातः**

क) उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपी ।

ख) योजनाको सम्झौता पत्र तथा लागत अनुमान वा कार्यदेशको प्रतिलिपी ।

ग) काम हुने सम्बन्धित स्थानीय तह, वडा कार्यालयको सिफारिस ।

# अनुसूचि-२
# (दफा ७ को उपदफा (४) संग सम्बन्धित)

## व्याक हो लोडर संचालन सम्झौता पत्र

राक्सिराङ्ग गाउँ कार्यपालिकाको कार्यालय (यस पछि पहिलो पक्ष भनिएको) र योजना, काम सम्पादन गर्ने उपभोक्ता समूह, व्यक्ति, संस्था (यस पछि दोश्रो पक्ष भनिएको) का बीच यस कार्यालयको ब्याक हो लोडर देहायको सर्त तथा बन्देजको अधिनमा रही भाडामा संचालन गर्न/गराउन यो सम्झौता गरिएको छ ।

**१ आयोजनाको विवरण**

१.१ आयोजनाको नामः

१.२ आयोजनाको स्थल :

१.२.१ गाउँपालिकाको नामः

१.२.२ वडा नं. :

१.२.३ स्थानः

२.३ आयोजनाको कुल लागत :

लागत व्यहोर्ने श्रोत तथा रकम :

२.३.१

२.३.२

२.३.३

२.३.४

जम्मा : ..........................................

**३. ब्याक हो लोडर संचालन समितिबाट स्वीकृत भएको मिति :**

**४ ब्याक हो लोडर संचालन गर्ने विवरण :**

४.१ व्याक हो लोडर संचालन गर्ने कार्य दिन :

४.२ ब्याक हो लोडर संचालन गर्ने कार्य अवधि :
मिति ....................देखि ................सम्म

**५ व्याक हो लोडर संचालनका लागि प्राप्त धरौटी रकम रु. .................... मिति : ..........................**

**६ सम्झौतापत्रका शर्तहरु :**

६.१ दोश्रो पक्षले यस सम्झौता पत्रमा तोकिएको आयोजनामा मात्र तोकिएको कार्य दिनको लागि ब्याक हो लोडर उपयोग गर्नु पर्नेछ ।

६.२ ब्याक हो लोडर र यसमा संलग्न अपरेटर र हेल्परको सुरक्षा र खाना वस्नको प्रबन्ध दोश्रो पक्षले गर्नु पर्नेछ ।

६.३ ब्याक हो लोडर संचालनको लागि आवश्यक ईन्धनको व्यवस्था सम्बन्धित दोश्रो पक्षले गर्नुपर्नेछ ।

६.४ गाउँपालिकाको कार्यालय वा व्याक हो लोडर रहेको स्थानबाट योजना स्थलसम्म ढुवानी गरी लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च दोश्रो पक्षले व्यहोर्नु पर्नेछ ।

६.५ ब्याक हो लोडर अपरेटरले संचालन गर्दा भरेको लगबुकमा दोश्रो पक्ष समेतले प्रमाणित गर्नुपर्नेछ ।

६.६ व्याक हो लोडर संचलान वा उपयोग सम्बन्धी कार्यको अनुगमन तथा सुपरिबेक्षण समिति वा सदस्य सचिवले गराउन सक्नेछ ।

६.७ व्याक हो लोडर संचालन दुरुपयोग भएमा वा कुनै विवाद सिर्जना भई संचालन गर्न सक्ने स्थिति नभएमा वा ब्याक हो लोडर संचालनमा संलग्न कर्मचारीको सुरक्षा बारे कुनै समस्या देखिएमा ब्याक हो लोडर संचालन तथा व्यवस्थापन समिति वा सदस्य सचिवले तत्काल ब्याक हो

लोडर फिर्ता बोलाउन सक्नेछ । यस्तो अवस्थामा सम्बन्धित उपभोक्ता समिति वा संस्थाले समेत ब्याक हो लोडर फिर्ता गराउनु पर्नेछ ।

६.८ पहिलो र दोश्रो पक्षबीच विवाद भएमा पहिलो पक्षले जुनसुकै वेला व्याक हो लोडर फिर्ता बोलाउन सक्नेछ ।

६.९ यान्त्रिक कारण वा भवितव्य परी काबु बाहिरको परिस्थितिमा डोजर तथा हेभी मेशिनरी नचलेमा अपरेटर तथा सम्बन्धित उपभोक्ता समिति वा संस्था वा फर्मले प्रमाणित गरि तत्काले कार्यालयमा जानकारी गराई प्रमाणित गरी राख्नुपर्नेछ ।

६.१० अन्य कुराको हकमा ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम हुनेछ ।

६.११ दोश्रो पक्षले ब्याक हो लोडर भाडामा लगेको समयमा उनीहरु बीचको आपसी विवाद, स्थानीयको अवरोधका कारण व्याक हो लोडर संचालन हुन नसकी त्यसै बसेमा २४ घण्टा विवाद व्यवस्थापनको समयावधि समाप्त भएपछि दोश्रो पक्षले ***प्रति घण्टा रु. ...... का*** दरले जरिवाना तिर्नु पर्नेछ ।

६.१२ ब्याक हो लोडर प्रयोग गरे वापत दोश्रो पक्षले पहिलो पक्षलाई प्रतिघण्टा रु ........ का दरले भाडा उपलब्ध गराउने छ । तर, इन्धनको व्यवस्था दोश्रो पक्ष स्वयंले गर्नुपर्नेछ ।

६.१३ कामको प्रकृति र आवश्यकता हेरी कुनै आकस्मिक काम, प्राकृतिक प्रकोप तथा विपदको अवस्था परी पहिलो पक्षले व्याकहो लोडर फिर्ता माग गरेमा दोश्रो पक्षले तत्काल फिर्ता पठाउनु पर्नेछ ।

उपरोक्त बमोजिम गर्न हामी निम्न पक्षहरु मंजुर गर्दछौं ।

**ब्याक हो लोडर संचालन तथा व्यवस्थापन**
**उपभोक्ता समिति वा संस्थाको**
**समितिको तर्फबाट**
**तर्फबाट**

नाम

नाम

पद: सदस्य सचिव

दर्जा

हस्ताक्षर

हस्ताक्षर

कार्यालयको छाप

संस्था वा उपभोत्ता समितिको छाप

मिति

मिति

**साक्षी**

१.

२.

# अनुसुचि-३
## (कार्यविधिको दफा ८ संग सम्बन्धित)
## राक्सिराङ्ग गाउँपालिका, चैनपुर
## व्याक हो लोडर प्रयोग सम्बन्धी लगबुक

योजनाको नामः
उपभोक्ता समिति वा संस्थाको नाम :
आयोजना स्थल (गाउँपालिका वडा समेत ) :
सम्झौता अवधि : मिति ...............देखि मिति .....................सम्म

| क्र.स | प्रयोग भएको मिति | समय | | | ईन्धन तथा अन्य लुब्रिकेन्टस खपत विवरण | | | | सम्झौता अवधिमा प्रयोग हुन नसकेको भए प्रयोग हुन नसक्नुको कारण | अपरेटर को दस्तखत | उ.भो.स. वा संस्था को पदाधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा कार्य समय | डिजल | मोविल | ग्रिज | अन्य | | | | |
| | | | | | | | | | | | | |

**आज्ञाले**
**युवराज आचार्य**
**प्रमुख प्रशासकिय अधिकृत**